मिति २०८०।१२।०६ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८०।१२।०६ गते।

बैठक बसेको समयः बिहान ११.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री बीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | तारा |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | कमल |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| | श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | गाउँ कार्यपालिका सचिव | |



Scanned with CamScanner

मिति २०८०।१२।०६ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| अन्य उपस्थितिः | | | |
| श्री | चन्द्रिका थापा | कार्यालय सहयोगी | चन्द्रिका |

**प्रस्तावहरू**

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको भूमि व्यवस्थापन सम्बन्धी परामर्शदाताबाट परामर्श सेवा लिने सम्बन्धमा। | सामाजिक विकास शाखा |
| २. | गाउँ शिक्षा समितिको मिति २०८०/११/२९ को निर्णयका सम्बन्धमा। | शिक्षा शाखा |
| ३. | प्राथमिक स्वास्थ्य केन्द्रको लागि इन्भर्टर खरिद गर्ने सम्बन्धमा। | जिन्सि प्रशासन शाखा |
| ४. | वडा नं ७ तोसामखोला स्वास्थ्य चौकी भवनको भेरियसन आदेश स्वीकृत गर्ने सम्बन्धमा। | पुर्वाधार विकास शाखा |
| ५. | अपाङ्गता भएका व्यक्तिलाई टहरा निर्माण गर्ने सम्बन्धमा। | महिला तथा बालबालिका शाखा |
| ६. | विवधः | |

निर्णय नं. (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गा व्यवस्थापन गर्ने प्रयोजनका लागि उक्त जग्गा नापजाँच लगायतका सम्पूर्ण कार्य सम्पन्न गर्न परामर्श सेवा लिन उपयुक्त देखिएकोले परामर्शदाताबाट काम गराउन यस गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८०।११।२९ गतेको बैठकले सिफारिस गरेका तपसिलका निर्णय अनुमोदन गरी सर्वसम्मतिबाट पारित गरियो।



Scanned with CamScanner

मिति २०८०।१२।०६ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

तपसिल:

१. श्री बालज्योति प्रा वि झुँगा देउरालीमा कार्यरत शिक्षक डोर प्रसाद घिमिरे मिति २०८०/१०/२५ बाट अनिवार्य अवकाश भई उक्त विद्यालयमा रिक्त भएको प्राथमिक तहको स्वीकृत दरबन्दी संख्या १(एक) सो विद्यालयबाट कट्टा गरी श्री मा.वि महभिर खोलागाउँ तीनपाटन-८ मा थप गर्ने निर्णय पारित गरियो ।

२. श्री मा वि महभिर खोलागाउँ तीनपाटन- ८ मा रिक्त रहेको प्राथमिक तहको राहत अनुदान कोटा संख्या १ (एक) उक्त विद्यालयबाट कट्टा गरी श्री कमानेश्वरी आ वि लङ्गुरदोभान तीनपाटन १ मा थप गर्ने निर्णय पारित गरियो।

३. गाउँ कार्यपालिकाको मिति २०८०/११/१९ को निर्णय नं. ३(६) बाट श्री मा वि महभिर खोलागाउँमा रिक्त रहेको प्राथमिक तह राहत अनुदान कोटामा सम्बन्धित विद्यालय व्यवस्थापन समिति समक्ष नियुक्तिका लागि सिफारिस गरिएका उम्मेदवार श्री खड्ग कुमारी अधिकारी (तीनपाटन-११ सिन्धुली) ले व्यक्तिगत एवम् घरायसी कारण देखाई नियुक्ति सिफारिस नलिने भनी यस कार्यालयमा दर्ता नं. २४५४ मिति २०८०/११/२४ मा निवेदन दर्ता गरेको सम्बन्धमा छलफल भयो। छलफल पश्चात शिक्षा विकास तथा समन्वय इकाइ सिन्धुलीको प.सं.२०८०/०८१ च.नं. ४७० मिति २०८०/०८/१९ को पत्रसाथ प्राप्त शिक्षक पदस्थापनका आधार तथा मार्गदर्शन बमोजिम माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदमा स्थायी नियुक्ति लिई यस गाउँपालिका अन्तर्गतका विद्यालयमा पदस्थापनका लागि सिफारिस भएका शिक्षकहरुलाई गाउँ शिक्षा समितिको मिति २०८०/०८/१९ को निर्णयानुसार पदस्थापन गर्ने क्रममा रिक्त दरबन्दीले अपुग भई श्री चन्द्रावति माध्यमिक विद्यालय बेलघारी तीनपाटन १ बाट विस्थापित भएका र शिक्षक सेवा आयोगको मिति २०७९/१२/२८ मा प्रकाशित सिन्धुली जिल्लाको प्राथमिक तह, तृतीय श्रेणी,शिक्षक पदको करार सूचीको क्र.सं. १४ मा नाम समावेश भएका उम्मेदवार श्री झलकराम काफ्ले, (तीनपाटन-२ सिन्धुली) लाई श्री कमानेश्वरी आधारभूत विद्यालय लङ्गुरदोभानमा थप भई जाने (रिक्त) राहत अनुदान कोटामा नियुक्तिका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने निर्णय पारित गरियो ।

४. तीनपाटन गाउँपालिका वडा नं. ४ स्थित श्री चन्द्रज्योति इंगलिश बोर्डिङ स्कुललाई शिक्षा नियमावली २०५९ को नियम ४ सँग सम्बन्धित अनुसूची ३, नियम १४७ सँग सम्बन्धित अनुसूची २२ को (ख), संस्थागत विद्यालय सञ्चालन तथा मापदण्ड निर्देशिका २०६९ ले तोकेको शर्त बन्देज पालना गर्ने गरी विद्यालय नक्साङ्कनमा नपरे स्वतः बदर हुने तथा विद्यालय सञ्चालनमा लाग्ने सम्पूर्ण खर्च विद्यालयले आफ्नै स्रोतबाट व्यहोर्ने गरी शिक्षा ऐन २०२८ दफा ३, शिक्षा नियमावली २०५९ संशोधन सहितको नियम ५ एवम् तीनपाटन गाउँपालिकाको शिक्षा ऐन, २०७४ अनुसार शैक्षिक सत्र २०८१ देखि आधारभूत तहको कक्षा ६ (छ) सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय पारित गरियो ।

<u>निर्णय नं.</u> (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको लाम्पनटार प्राथमिक स्वास्थ्य केन्द्रबाट प्रवाह हुने सम्पूर्ण सेवालाई प्रभावकारी ढंगले सञ्चालन गर्न इन्भर्टर खरिद गर्नु पर्ने आवश्यक्ता भएकोले बढीमा रु ५००००० (पाँच लाख रुपैया मात्र) भित्र इन्भर्टर खरिद गर्न कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका वडा नं ७ तोसामखोलामा निर्माणाधिन स्वास्थ्य चौकी भवनको घडेरी खन्ने र रडको आइटम समेत कम भएकोले भेरियसन गर्न पर्ने देखिएकोले प्राविधिक इस्टमेट बमोजिमको उक्त भेरियसन आदेश स्वीकृत गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो। साथै उक्त कार्य सम्पन्न गर्न सम्वन्धित ठेकेदार कम्पनिलाई कायदेश दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं ४ मा बसोबास गर्ने श्री कृष्ण बहादुर सिन्दाली पूर्ण अपाङ्ग भएको र उसको सहारा समेत कोही नभएको तथा बसोबासको लागि समेत बासस्थान नभएकोले यस गाउँपालिकाको महिला तथा बालबालिका शाखामा रहेको सम्वन्धित बजेट शिर्षकबाट खर्च हुने गरी टहरा निर्माण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

विविधः

क. श्री मा.वि. आम्बोटेमा रिक्त रहेको सामाजिक विषयको राहात दरवन्दी रिक्त रहेको तथा उक्त रिक्त दरवन्दी श्री हिरायुम्की मा.वि. तोसामखोलामा पठाइएकोमा श्री मा.वि. आम्बोटेमा नेपाली विषयको शिक्षक दरबन्दी आवश्यक्ता रहेकोले शैक्षिक सत्र २०८१ प्रारम्भमा नै नेपाली दरबन्दी ब्यवस्था गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

ख. सशस्त्र प्रहरी बल सिन्धुलीको किचेनमा मार्बल बिछ्याउने कार्यको लागि प्रविधिक स्टमेट बमोजिम रु १५००००( एक लाख पचास हजार मात्र) कार्य सम्पन्न पश्चात भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

ग. यस गाउँपालिका अन्तर्गत रहेका प्रहरी चौकीलाई नदीजन्य पदार्थको संरक्षण तथा रोकथाममा समन्वय गरेवापत प्रोत्साहन स्वरुप प्रति प्रहरी चौकी रु १००००।- का दरले वडा सचिवमार्फत भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

घ. यस गाउँपालिका अन्तर्गत भएका सम्पूर्ण आयोजना तथा योजनाहरुको सम्झौता २०८०।१२।१५ गतेभित्र अनिवार्य रुपमा गर्न लगाउने सर्वसम्मतिबाट पारित गरियो।

ङ. श्री बैङ्कटेश्वर मन्दिरमा सञ्चालित पुराण लगाउने कार्यका लागि यस गाउँपालिकाको विविध शिर्षकबाट खर्च हुने गरी रु५००००।-भुक्तानी गर्ने सर्वसम्मतिबाट पारित गरियो।

च. यस गाउँपालिकामा निर्माणाधिन महिला बालबालिका तथा जेष्ठ नागरिक भवन र बिपद भवन निर्माण कार्य सम्पन्न भइसकेकेको हुँदा सम्वन्धित कार्यको अन्तिम बिल भुक्तानी गर्न बजेट ब्यवस्था नभएकोले प्रशासनिक भवनको अघिल्लो बर्षको रकम भुक्तानी शिर्षकबाट खर्च हुने गरी अन्तिम बिल भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

छ. यस गाउँपालिकामाको हिउँदे अधिवेशनबाट संशोधित बजेट अनुसार कवर्ड हल बनाउन रु २००००००/- (बिस लाख मात्र) विनियोजन भएको र उक्त योजना सम्पन्न गर्न जग्गा अभाव भएको साथै शहरी विकाश तथा भवन निर्माण विकास कार्यालय सिन्धुलीद्वारा निर्मित सभाहललाई स्तरीकृत गरी कवर्ड हल सहित बहुउद्देश्यीय भवन बनाउनको लागि अघाडीको भाग भत्काएर छाना समेत उचाल्नु पर्ने भएकोले उक्त कार्य गर्नको लागि अनुमति प्रदान गर्न शहरी विकाश तथा भवन निर्माण विकास कार्यालय सिन्धुलीलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।



Scanned with CamScanner